वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा

फोन नं.: ०६३-४४०१७७
गण्डकी प्रदेश, नेपाल

पत्र सं: ०७८/०७९
च नं:

मिति : २०७८/१०/९ गते

# सूचना ! सूचना !! सूचना !!!

वालिङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय वालिङ, स्याङ्जाको वार्षिक सशर्त कार्यक्रम अन्तर्गत वालिङ नगरपालिका कृषि विकास शाखाले आ.व.२०७८/७९ मा सन्चालन गनुपर्ने बीउ वितरकलाई प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयनको लागी कार्यविधिमा तोकिए बमोजिम वालिङ नगरपालिका भित्र उन्नत बीउ उत्पादन कार्यमा संलग्न कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कम्पनीहरुले तोकिएको मापदण्ड पूरा गरी यो सूचना प्रकाशित भएको ३० दिन (२०७८/११/०९ गते) भित्र वालिङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखामा तपसिल अनुसारका कागजातहरु संलग्न राखी सुचिकृत हुन आवेदन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं | कार्यक्रमको नाम | कार्यक्रम संचालन मापदण्ड | कुल बजेट रु | कैफियत |
|---|---|---|---|---|
| १. | बीउ वितरकलाई प्रोत्साहन अनुदान कार्यक्रम | प्रदेश तथा स्थानीय तहमा सशर्त वितीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम संन्चालन सम्वन्धी कार्यविधि २०७८ अनुसार | २,००,०००। | |

निवेदन सहित पेस गर्नुपर्ने कागजातहरु :

- निवेदकको आवेदन ।
- निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।
- कार्यक्रम माग गर्ने संस्थाहरुको हकमा कार्य समितिको निर्णयको प्रतिलिपी ।
- बीउ उत्पादकको इजाजत पत्र ।
- बीउ उत्पादन कार्यमा संलग्न क्षेत्रफल तथा उत्पादित बीउको परिमाण सहितको विवरण ।
- कृषि सहकारी/कृषि फर्म/कम्पनीहरुको हकमा दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपी, पछिल्लो आ.व.को कर चुक्ता प्रमाण पत्र र लेखा परिक्षण भएको प्रतिवेदनको प्रतिलिपी ।
- जग्गाको क्षेत्रफल र स्वमित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी, जग्गा आफ्नो नाममा नभएको खण्डमा ५ वर्षे मन्जुरीनामा भएको कागजातको प्रतिलिपी ।

..............................
राजन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

नोट : अन्य थप जानकारीको लागि कृषि विकास शाखामा सम्पर्क गर्नु होला ।